# थाक्रे गाँऊपालिका
# गाऊँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
३ नं. प्रदेश, नेपाल

च.नं. ८४ मिति २०७५।४।२५

**बिषय : आ.व. ०७५/०७६ को लागि आन्तरिक आय (कच्चि सडक मर्मत सेवा शुल्क) को ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी सिलवन्दी वोलपत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति : २०७५।४।३०**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ घ (६) तथा थाक्रे गाउँपालिकाको आर्थिक ऐन, २०७५ को दफा १३ को अनुसुची १२ मा भएको व्यवस्था अनुसार थाक्रे गाऊँ कार्यपालिकाको आन्तरीक आय संकलन (ठेक्का बन्दोवस्त) सम्बन्धी कार्यविधी २०७५, राजस्व परामर्श समितिको सिफारीश र थाक्रे गाऊँ कार्यपालिकाको निर्णय अनुसार आ.व. २०७५/०७६ को वाकी अवधि २०७५ असोज १ गते देखी २०७६ आषाढ मसान्त सम्म) को लागि देहाय वमोजिमका कच्चि सडकहरुमा आन्तरिक आय सम्वन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले गाँऊ पालिकावाट तोकिएको दररेटमा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले उक्त **कच्चि सडक मर्मत सेवा शुल्क** संकलनको ठेक्का लिन ईच्छुक (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०७४/०७५ सम्मको फर्म नवीकरण, आ.व. २०७४/०७५ को आयकर चुक्ता प्रमाण पत्र भएका) फर्म वा कम्पनीवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र वोलपत्र खरिद गरी पेश गर्न ३० दिने सूचना प्रकाशित गरिएको छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी वोलपत्र उपर कुनै कारवाही गरिने छैन। वोलपत्र सम्वन्धी अन्य विवरण गाँऊ कार्यपालिको को web site : www.thakremun.gov.np वा वोलपत्र फाराममा खुलाइएको व्यहोरा सूचित गरिन्छ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | कर तथा शुल्क उठाउन पाउने विषय एवं स्वीकृत दररेट | आ.व. ०७५/७६ का लागि कायम वार्षिक न्यूनतम अंक (मु.अ. कर वाहेक) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|---|
| १ | राजस्व १/०७५/०७६ | **महादेववेशी झौलुङगेपुल भुमेस्थान सडक** | **सडक मर्मत शुल्क**<br>**६ पाङग्रे १५०।**<br>**४ पाङग्रे १००।** | ८१,६६,६६७/-<br>(एकासी लाख छैसठीहजार छसय सतसठी रुपैया मात्र) | ३०००।- | कवोल अंकको ५ प्रतिशत |
| २ | राजस्व ३/०७५/०७६ | **तसर्पु आग्राखोला ग्रामीण सडक** | **सडक मर्मत शुल्क**<br>**६ पाङग्रे १५०।**<br>**४ पाङग्रे १००।** | ९३,३३,३३३/-<br>(त्रियानब्वेलाख तेतिस हजार तीनसय तेतिस रुपैया मात्र) | ३०००।- | कवोल अंकको ५ प्रतिशत |

**वैंकको नाम :** प्रभु वैंक महादेववेशी शाखा धादिङ
**वैंक खाता नं.** :०६०००२०१०१११८९००००४(धरौटीको लागि)
वोलपत्र खरिद गर्नुपर्ने अन्तिम मिति : २०७५/५/२८
वोलपत्र दर्ता अन्तिम मिति : २०७५/५/२९ दिनको १२:०० वजेसम्म
वोलपत्र खोल्ने मिति : २०७५/५/२९ दिनको २ :०० वजे